काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २१४ ❐ आइतवार, ३ जेठ, २०८३ ❐ Sunday, 17 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णाली सरकारको बेरूजु ग्राफ बढ्दै

चार अर्ब ७३ करोड नाघ्यो

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २ जेठ

कर्णाली प्रदेश सरकारको बेरुजु रकम पुनः बढ्दो क्रममा देखिएको छ। महालेखा परीक्षणसम्बन्धी विवरणअनुसार आर्थिक वर्ष २०७९/०८० सम्म कायम रहेको तीन अर्ब ९४ करोड ८२ लाख ५४ हजार रुपैयाँ बेरुजुमध्ये २ ९ करोड ६८ लाख ४४ हजार रुपैयाँ सम्परीक्षणबाट लगत कट्टा गरिएको थियो

सम्परीक्षणपछि ९६ लाख ९२ हजार रुपैयाँ नयाँ बेरुजु थपिएसँगै कुल बेरुजु रकम तीन अर्ब ६६ करोड ११ लाख २ हजार रुपैयाँ पुगेको थियो। त्यसपछि पनि बेरुजु घट्न नसकी पुनः बढ्दो प्रवृत्ति देखिएको छ। आर्थिक वर्ष २०८०/०८१ मा एक दशमलव २२ प्रतिशत रहेको बेरुजु दर आर्थिक वर्ष २०८१/०८२ मा बढेर २.०८ प्रतिशत पुगेको थियो। २०८०/०८१ मा ४५ करोड ९४ लाख ८२ हजार रुपैयाँ बेरुजु थपिएको हो।

प्रदेश सरकारअन्तर्गतका निकायमा आर्थिक अनुशासन तथा खर्च व्यवस्थापन प्रभावकारी हुन नसक्दा बेरुजु रकम वृद्धि भएको देखिएको छ। बेरुजु नियन्त्रण तथा वित्तीय पारदर्शिता कायम गर्न सम्बन्धित निकायले थप प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याइएको छ।

अन्य प्रदेशको तुलनामा गत वर्ष कर्णाली प्रदेश दोस्रो सबैभन्दा धेरै बेरुजु हुने प्रदेश हो। जसमा मधेस प्रदेशको बेरुजु ३.७७ प्रतिशतसहित सबैभन्दा धेरै छ। यो सँगै कर्णाली प्रदेशको बेरुजु बढेर चार अर्ब ७३ करोड ५६ लाख ७ हजार नाघेको छ।



शुक्रबार सार्वजनिक महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्ष (२०८०/०८१) मा कर्णालीको बेरुजु रकम चार अर्ब १२ करोड पाँच लाख ८४ हजार रहेको थियो। त्यसमध्ये १७ करोड ६४ लाख ५८ हजार रुपैयाँ मात्र फर्स्योट भएको छ।

तर गत आर्थिक वर्ष २०८१/०८२ मा मात्रै थप ७७ करोड ३५ लाख ६२ हजार रुपैयाँ बेरुजु थपिएको छ। सम्परीक्षणबाट मात्रै उक्त वर्ष एक करोड ७९ लाख १९ हजार थप भएको छ। महालेखाले उक्त वर्ष प्रदेश मन्त्रालय तथा प्रदेश सरकार मातहत निकाय गरी १३७ कार्यालयको ३७ अर्ब १९ करोड ८० लाख ७६ हजार रुपैयाँको लेखापरीक्षण गर्दा उक्त बेरुजु रकम कायम भएको हो।

उक्त वर्ष कायम भएको बेरुजुमध्ये सात करोड २७ लाख ३९ हजार रुपैयाँ पेस्की मात्रै छ। पेस्की बाहेकको खुद बेरुजु ७० करोड ८ लाख २३ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ। कानुनबमोजिम रीत नपुऱ्याएर कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको रकमलाई महालेखाले बेरुजुको रूपमा परिभाषित गरेको छ।

जस अन्तर्गत कर्णाली प्रदेशमा वित्तीय अनुशासन कमजोर रहेको महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदन तथा कर्णाली प्रदेशको आठौँ प्रतिवेदनले औंल्याएको छ। प्रतिवेदनअनुसार सातै प्रदेशमध्ये कर्णाली प्रदेशको बेरुजु प्रतिशत दोस्रो नम्बरमा उच्च छ भने बजेट खर्च गर्ने क्षमता सबैभन्दा न्यून छ।

वित्तीय कार्यसम्पादनका दृष्टिले पनि कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा कमजोर देखिएको छ। उक्त वर्ष २०८१/०८२ मा ३१ अर्ब ४१ करोड बढी कर्णाली प्रदेशले कुल वार्षिक बजेटको ६३.६७ प्रतिशत मात्र खर्च गर्न सकेको छ। प्रतिवेदन अनुसार यो सातै प्रदेशमध्ये सबैभन्दा न्यून खर्च प्रतिशत हो।

कोशी प्रदेशले सबैभन्दा बढी ७९.८९ प्रतिशत खर्च गर्दा कर्णाली भने ७० प्रतिशतको अंक पनि छुन असफल भएको छ। जुन नियति कर्णालीमा स्थापना कालदेखि अहिलेसम्मै कायम छ। कर्णाली प्रदेशले आफ्नो खर्चको करिब आधा हिस्सा *बाँकी पृष्ठ ३*

कार्यकर्तासँग दूरी बढे कांग्रेस संकटमा पर्छ : खड्का



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २ जेठ

नेपाली कांग्रेसका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीभित्र बढ्दो गुटबन्दी, अहङ्कार र नेतृत्वबीचको टकरावले कांग्रेस कमजोर बन्दै गएको बताएका छन्। उनले वर्तमान अवस्थामा पार्टीलाई एकताबद्ध गर्न नसके कांग्रेस गम्भीर संकटतर्फ जाने चेतावनी दिएका हुन्।

शनिबार वीरेन्द्रनगरमा कांग्रेस कर्णाली प्रदेशद्वारा आयोजित 'कांग्रेस बृहत्तर एकता र भावी कार्यदिशा' विषयक विचार गोष्ठीमा बोल्दै खड्काले पार्टीको केन्द्रीय नेतृत्व र आम कार्यकर्ताबीच दूरी बढ्दै गएको बताए। उनले सानेपास्थित केन्द्रीय कार्यालयमा देखिएको कांग्रेस र गाउँ-बस्तीमा रहेको वास्तविक कांग्रेसबीच ठूलो अन्तर सिर्जना भएको टिप्पणी गरे।

उनका अनुसार पार्टी नेतृत्व कार्यकर्ताको भावना बुझ्नभन्दा आन्तरिक शक्ति संघर्षमै केन्द्रित हुँदा संगठन कमजोर बनेको छ। उनले कांग्रेसभित्र व्यक्तिगत स्वार्थ, अहङ्कार र पारिवारिक प्रभाव बढ्दै गएको आरोप लगाए। नेतृत्व तहमा देखिएको अहमता र शक्ति प्रदर्शनले संगठनलाई क्षति पुऱ्याइरहेको छ, उनले भने, "अब नेताहरू कार्यकर्तामाझ पुगेर आफ्ना कमजोरी स्वीकार गर्न तयार हुनुपर्छ।

खड्काले पार्टीभित्र अनुशासन र कारबाहीको नाममा फरक मत राख्ने कार्यकर्तालाई दबाब दिने प्रवृत्ति बढेको भन्दै असन्तुष्टि जनाए। उनले चुनावमा मत नदिएको आधारमा कार्यकर्तामाथि कारबाही गर्ने वा निष्कासन गर्ने अभ्यास गलत भएको बताए। यस्तो प्रवृत्तिले पार्टीभित्र भय र विभाजन बढाउने उनको भनाइ थियो।

उनले कांग्रेसभित्र जिम्मेवार पदमा रहेका नेताहरूबाटै एकताभन्दा विभाजनलाई बल पुग्ने अभिव्यक्ति आउने गरेको उल्लेख गरे। पार्टीभित्रको यही कमजोरीले राष्ट्रिय राजनीतिमा समेत नकारात्मक प्रभाव पार्न थालेको उनको दाबी छ। खड्काले अहिलेको अवस्था सुधार्न नेतृत्व तहले अहङ्कार त्यागेर गाउँ-गाउँमा पुग्नुपर्ने आवश्यकता औंल्याए। चुनावी परिणाम विगतको तुलनामा कमजोर आएको अवस्थामा नेतृत्वले आत्मसमीक्षा गर्नुपर्नेमा उनले जोड दिए। पार्टीलाई जोगाउने एकमात्र उपाय कार्यकर्तासँगको सम्बन्ध पुनः मजबुत बनाउनु रहेको उनको भनाइ थियो।

प्रधानमन्त्री कार्यालयको नाम दुरूपयोग गर्ने युवक पक्राउ

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, २ जेठ

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाम दुरुपयोग गरी दैलेखको दुल्लु नगरपालिका १३ का वडा सचिव कमल भण्डारीलाई धम्की दिएको आरोपमा एक युवक पक्राउ परेका छन्। प्रहरीले सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-६, घर भई हाल काठमाडौंको शंखमुल बस्दै आएका २२ वर्षीय प्रकाश खड्कालाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार खड्काले दैलेखको दुल्लु नगरपालिका-१३ का वडा सचिव कमल



भण्डारीलाई फोन गरी प्रधानमन्त्री कार्यालयको नाम प्रयोग गर्दै धाकधम्की दिएका थिए। उनले आफू उच्च निकायसँग सम्बन्धित व्यक्ति भएको भन्दै दबाब सिर्जना गर्ने प्रयास गरेको आरोप छ।

वडा सचिव भण्डारीले घटनाबारे उजुरी दिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तत्कालै घटनालाई गम्भीर रूपमा लिँदै अनुसन्धान अघि बढाउन निर्देशन दिएको थियो प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्याललले शनिबार विज्ञप्ति जारी गर्दै सरकारी निकायको नाम दुरुपयोग गरी कर्मचारीलाई धम्क्याउने कार्य कानुनविपरीत भएकाले संलग्नमाथि कडा कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको बताएका थिए।

उक्त निर्देशनपछि प्रहरीले अनुसन्धान तीव्र पार्दै खड्कालाई काठमाडौंबाट पक्राउ गरेको जनाएको छ। प्रारम्भिक अनुसन्धानमा उनले प्रधानमन्त्री कार्यालयको नाम प्रयोग गरी प्रभाव जमाउने प्रयास गरेको खुलेको प्रहरीले जनाएको छ।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ। सरकारी निकायको नाम दुरुपयोग गरेर धम्की दिने वा प्रभाव पार्ने कार्य कानुनी रूपमा दण्डनीय हुने भन्दै यस्ता गतिविधिमा संलग्न नहुन प्रशासनले चेतावनी दिएको छ।

स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

नागरिकका लागि सहारा

कर्णाली प्रदेश सरकारले प्राकृतिक विपद्बाट हुने मानवीय क्षतिलाई सम्बोधन गर्न सामूहिक दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिएको निर्णय सकारात्मक र आवश्यक कदम हो । बाढी, पहिरो, चट्याङ, आगलागी, डढेलो, हिमपहिरो र जंगली जनावरको आक्रमणजस्ता विपद्का घटनाले कर्णालीमा हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । यस्तो अवस्थामा विपद्पछिको आर्थिक राहतका लागि बीमा कार्यक्रमले नागरिकलाई केही हदसम्म भरोसा दिन सक्छ ।

प्रदेश सरकारले १६ लाखभन्दा बढी नागरिकलाई समेट्ने गरी प्रतिव्यक्ति दुई लाख रूपैयाँको बीमा व्यवस्था गर्नु सामाजिक सुरक्षातर्फको महत्वपूर्ण प्रयास हो । विशेषगरी दुर्गम क्षेत्रमा विपद्का कारण ज्यान गुमाउने परिवार आर्थिक रूपमा झन् संकटमा पर्ने भएकाले यस्तो कार्यक्रम प्रभावकारी हुन सक्छ । यसपटक भिरबाट लड्ने, ढुंगा खस्ने, डुबान तथा जंगली जनावरको आक्रमणबाट हुने मृत्यु समेत समेटिनु व्यवहारिक निर्णय हो । कर्णालीको भौगोलिक कठिनाइ हेर्दा यस्ता घटना सामान्य बन्दै गएका छन् ।

तर यस्ता कार्यक्रमको सफलता घोषणा वा सम्झौतामा मात्र सीमित हुनुहुँदैन । विगतमा धेरै नागरिकले बीमा दाबी प्रक्रिया जटिल भएको, कागजात जुटाउन कठिन भएको तथा रकम प्राप्त गर्न ढिलाइ भएको गुनासो गर्ने गरेका छन् । त्यसैले अब मुख्य चुनौती कार्यान्वयनमा देखिन्छ । सरकारले जिल्लास्तरमा प्रतिनिधि खटाउने, स्थानीय तहको सिफारिसलाई आधार मान्ने र १५ दिनभित्र भुक्तानी गर्ने व्यवस्था गरेको छ । यदि यी प्रावधान व्यवहारमा प्रभावकारी रूपमा लागू भए भने मात्रै कार्यक्रमप्रति नागरिकको विश्वास बढ्नेछ ।

कर्णालीजस्तो विपद् जोखिमयुक्त प्रदेशमा राहतभन्दा पनि पूर्वतयारी र सचेतना अझ महत्वपूर्ण पक्ष हो । बीमासँगै जोखिम न्यूनीकरण, सुरक्षित बस्ती, विपद् पूर्वसूचना प्रणाली र जनचेतनालाई समान रूपमा प्राथमिकता दिन आवश्यक छ । बीमा कार्यक्रम विपद्पछिको सहारा हो, तर दीर्घकालीन समाधान होइन । त्यसैले सरकारले राहतसँगै जोखिम कम गर्ने नीतिमा पनि उत्तिकै ध्यान दिनुपर्छ । सकारात्मक पक्ष के हो भने प्रदेश सरकारले सामाजिक सुरक्षालाई नीतिगत रूपमा निरन्तरता दिन खोजेको देखिन्छ । अब आवश्यक कुरा भनेको पारदर्शी कार्यान्वयन, छिटो सेवा प्रवाह र वास्तविक पीडितसम्म राहतको पहुँच सुनिश्चित गर्नु हो । तब यस्तो कार्यक्रम नागरिकका लागि वास्तविक सहारा बन्न सक्छ ।

जलजले मिथेन ग्यास परियोजना :

नेपालको आर्थिक र ऊर्जा सुरक्षाको नयाँ मार्गचित्र



✍ बखतबहादुर शाही

नेपालको ऊर्जा इतिहासमा दैलेखको जलजले मिथेन ग्यास परियोजना एउटा यस्तो मोडका रूपमा देखा परेको छ, जसले मुलुकको आर्थिक र रणनीतिक भविष्यलाई नै नयाँ दिशा दिने सामर्थ्य राख्छ । दैलेख जिल्लाको भैरवी गाउँपालिका-१ मा अवस्थित यो परियोजना केवल एउटा प्राविधिक अन्वेषण मात्र नभई नेपालको ऊर्जा सुरक्षा र राष्ट्रिय स्वाधीनताको मेरुदण्ड बन्ने निश्चित छ ।

लामो समयदेखि वैदेशिक इन्धनमा रहेको अत्यधिक निर्भरताले नेपालको अर्थतन्त्रलाई कमजोर बनाइरहेको वर्तमान अवस्थामा यो परियोजनाले आशाको नयाँ किरण सञ्चार गरेको छ । हाल नेपालले वार्षिक रूपमा पेट्रोलियम पदार्थको आयातका लागि करिब ३२० अर्ब रुपैयाँभन्दा बढी खर्च गरिरहेको तथ्याङ्कले हाम्रो विदेशी मुद्रा सञ्चितिमा कति ठूलो दबाब छ भन्ने प्रष्ट पार्छ । यस्तो आर्थिक जटिलताको बीचमा स्वदेशमै मिथेन ग्यासको व्यावसायिक उत्पादन सम्भव हुनु भनेको नेपालको व्यापार घाटा न्यूनीकरण र दीर्घकालीन आर्थिक आत्मनिर्भरतातर्फको एउटा ऐतिहासिक फड्को हो ।

परियोजनाको विकासक्रमलाई हेर्दा यसको जग सन् २०१६ मा नेपाल र चीनबीच भएको उच्चस्तरीय समझदारीबाट बसेको देखिन्छ । सन् २०१९ बाट चीन सरकारको प्राविधिक सहयोगमा सुरु भएको यो अन्वेषण कार्यमा 'चाइना जियोलोजिकल सर्भे' र 'सिबु ड्रिलिङ इन्जिनियरिङ'का विशेषज्ञहरूको प्रत्यक्ष संलग्नता रहेको छ । खानी तथा भूगर्भ विभागको समन्वयमा सञ्चालित यस परियोजनाले करिब ४०१३ मिटरको गहिराइसम्म ड्रिलिङ सम्पन्न गरेर नेपालको भूगर्भभित्र लुकेको सम्भावनालाई उजागर गरिसकेको छ ।

१६ महिनासम्म गरिएको विस्तृत भू-वैज्ञानिक र भूकम्पीय सर्वेक्षणले दैलेखको शिरस्थान, नाभिस्थान र पादुका क्षेत्रमा ग्यासको उल्लेख्य भण्डार रहेको बलियो संकेत दिएका छन् । करिब २.४ अर्बको प्रारम्भिक लागतमा अघि बढाइएको यो आयोजना प्राविधिक रूपमा नेपालकै सबैभन्दा जटिल र गहिरो अन्वेषण कार्य मानिन्छ, जसमा सयौं नेपाली कामदार र चिनियाँ प्राविधिकहरू अहोरात्र खटिएका छन् ।

नेपालको राष्ट्रिय सुरक्षा र ऊर्जा स्वाधीनताको दृष्टिकोणले यो परियोजनाको महत्व झनै गहिरो छ । विगतका विभिन्न समयमा सीमा क्षेत्रमा हुने आपूर्ति अवरोध र अन्तर्राष्ट्रिय बजारमा हुने इन्धनको मूल्यवृद्धिका कारण नेपाली जनजीवन र अर्थतन्त्रले बारम्बार गम्भीर संकट भोग्दै आएको छ । इन्धन आपूर्तिमा देखिने सानो अवरोधले पनि अस्पताल, उद्योग, यातायात र कृषि जस्ता आधारभूत क्षेत्रहरू ठप्प हुने गरेका छन् ।

यस्तो परिस्थितिमा जलजले मिथेन ग्यास परियोजनाले नेपाललाई बाह्य देशको भर पर्नुपर्ने बाध्यात्मक अवस्थाबाट मुक्ति दिलाउन ठोस आधार प्रदान गर्नेछ । आफ्नै जमिनबाट ग्यास उत्पादन हुँदा यसले राष्ट्रिय निर्णय प्रक्रियामा आत्मविश्वास भर्ने मात्र नभई भूराजनीतिक संवेदनशीलताका बीच नेपाललाई एउटा ऊर्जा-सुरक्षित राष्ट्रको रूपमा स्थापित गर्न मद्दत पुऱ्याउनेछ ।

मिथेन ग्यासको उपयोगिता केवल औद्योगिक क्षेत्रमा मात्र सीमित छैन । यसले नेपालको दैनिक जनजीवनका हरेक पक्षलाई सकारात्मक रूपमा प्रभाव पार्ने क्षमता राख्छ । व्यावसायिक उत्पादन सुरु भएपछि यो ग्यासलाई यातायातका साधनमा सीएनजीका रूपमा, औद्योगिक कारखानाहरूमा इन्धनका रूपमा र घरायसी प्रयोजनका लागि तापीय ऊर्जाको रूपमा प्रयोग गर्न सकिन्छ । विशेषगरी होटल, रेस्टुरेन्ट र ठूला व्यावसायिक प्रतिष्ठानहरूका लागि यो सस्तो र सहज विकल्प हुनेछ ।

कृषि क्षेत्रमा पनि यसको प्रयोगले सिँचाइ र भण्डारणलाई लागत-प्रभावी बनाउन सक्छ । यसरी बहुआयामिक प्रयोगमार्फत मिथेन ग्यासले नेपालको समग्र उत्पादन प्रणालीलाई प्रतिस्पर्धी बनाउन र ऊर्जामा हुने खर्च घटाउन ठूलो भूमिका खेल्ने निश्चित छ ।

नेपालको जलविद्युत प्रणालीसँगको अन्तरसम्बन्धका हिसाबले पनि यो परियोजना अत्यन्त रणनीतिक मानिन्छ । जलविद्युत उत्पादनमा मौसमी उतारचढाव हुने भएकाले हिउँदको समयमा वा पिक डिमान्डका बेला मिथेन ग्यासले भरपर्दो 'ब्याकअप' ऊर्जा प्रदान गर्न सक्छ । यसले नेपालको विद्युत प्रणालीलाई सन्तुलित र स्थिर बनाउन मद्दत गर्छ । अर्कोतर्फ, भविष्यमा यही मिथेन ग्यासलाई हाइड्रोजन ऊर्जा उत्पादनका लागि कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने सम्भावना छ, जसले नेपाललाई विश्वव्यापी स्वच्छ ऊर्जा संक्रमणमा अग्रपंक्तिमा उभ्याउनेछ । जलविद्युत र मिथेन ग्यासको उचित समायोजनबाट नेपालले एउटा मजबुत र भरपर्दो ऊर्जा मिश्रित प्रणाली विकास गर्न सक्नेछ ।

वातावरणीय लक्ष्यका दृष्टिले नेपालले सन् २०४५ सम्ममा 'नेट-जिरो उत्सर्जन' हासिल गर्ने महत्वाकांक्षी लक्ष्य लिएको छ । तत्कालै पूर्ण रूपमा विद्युतीकरण सम्भव नभएको अवस्थामा मिथेन ग्यासलाई एउटा संक्रमणकालीन इन्धनको रूपमा स्वीकार गर्न सकिन्छ ।

कोइला वा अन्य परम्परागत जीवाश्म इन्धनको तुलनामा मिथेन कम प्रदूषक हुने भएकाले यसले जलवायु परिवर्तनका लक्ष्यहरूसँग तालमेल मिलाउन मद्दत गर्छ । यसले स्वच्छ ऊर्जा प्रणालीतर्फको यात्रालाई थप सहज र व्यावहारिक बनाउनेछ । त्यसैले यो परियोजना केवल आर्थिक वृद्धिको साधन मात्र नभई वातावरणीय दिगोपना र जलवायु न्यायका लागि पनि एउटा महत्त्वपूर्ण कदम साबित हुन सक्छ ।

वर्तमान अवस्थामा यो परियोजनाले केही प्राविधिक र प्रशासनिक चुनौतीहरूको सामना गरिरहेको छ । सन् २०२५ को अन्त्यसम्ममा चिनियाँ टोलीले प्रारम्भिक प्रतिवेदन बुझाइसकेको भए तापनि अन्तिम प्रतिवेदनको औपचारिक आदानप्रदान र व्यावसायिक उत्पादनको प्रक्रियामा केही ढिलाइ भएको देखिन्छ ।

यस्ता रणनीतिक परियोजनामा हुने समयको बर्बादीले देशलाई ठूलो अवसर लागत भोग्न बाध्य पार्छ । त्यसैले अब नेपाल सरकारले कुनै पनि बहानामा ढिलासुस्ती नगरी ग्यासको गुणस्तर परीक्षण र व्यावसायिक सम्भाव्यताको अन्तिम टुङ्गो लगाउन आवश्यक छ । पाइपलाइन विस्तार, प्रशोधन केन्द्र निर्माण र वितरण पूर्वाधारको योजना अहिलेदेखि नै तयार नपारे भविष्यमा उत्पादन सुरु हुँदा वितरणमा समस्या आउन सक्छ ।

निष्कर्षमा भन्नुपर्दा, जलजले मिथेन ग्यास परियोजना नेपालको आर्थिक रूपान्तरणको एउटा ठूलो महायज्ञ हो । यसलाई सफल बनाउन सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा यसलाई 'शीर्ष राष्ट्रिय प्राथमिकता' प्राप्त आयोजनाको रूपमा घोषणा गरी द्रुतमार्गबाट अघि बढाउनुपर्छ ।

यदि हामीले समयमै यस परियोजनाबाट व्यावसायिक उत्पादन सुरु गर्न सक्यौं भने नेपालले अर्बौंको विदेशी मुद्रा बचत गर्ने मात्र नभई राष्ट्रिय स्वाधीनता र आर्थिक समृद्धिको नयाँ इतिहास लेख्नेछ ।

यो परियोजनाको सफलताले नेपाललाई ऊर्जामा आत्मनिर्भर मात्र बनाउने छैन, बरु छिमेकी मुलुकहरूसँगको व्यापारिक सन्तुलन कायम गर्न र नेपाली जनताको जीवनस्तर उकास्न एउटा बलियो आधार खडा गर्नेछ । त्यसैले यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्नु आजको राज्यको अनिवार्य दायित्व हो ।

राष्ट्रिय जेनजी-नागरिक अभियानले भन्यो-सरकार जनतामाथि क्रुर बन्यो

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २ जेठ

राष्ट्रिय जेनजी-नागरिक अभियानले वर्तमान 'बालेन सरकार' जनताप्रति क्रुर र निरंकुश बन्दै गएको आरोप लगाएको छ । अभियानले सरकारका गतिविधिमाथि निरन्तर निगरानी राख्ने चेतावनी पनि दिएको छ ।

शनिबार राजधानीस्थित संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमा अभियानका संयोजक सुनिल सिंहले सरकारले राष्ट्रिय स्वाधीनताको मुद्दामा मौनता अपनाएको तर जनतामाथि कठोर व्यवहार गरिरहेको आरोप लगाए ।

'लिपुलेकजस्ता राष्ट्रिय मुद्दामा सरकार मौन छ, तर जनतामाथि निरंकुश शैलीमा प्रस्तुत भइरहेको छ', उनले भने । सह-संयोजक अजय सोडारीले संसद भवन र सिंहदरबारमा भएका घटनामा मौन बसेको राज्य सुकुम्वासी बस्तीमा डोजर चलाउन सक्रिय भएको भन्दै आक्रोश व्यक्त गरे ।

उनले वर्तमान सरकारमा 'जोस बढी र होस कम' भएको टिप्पणी गर्दै विधिको शासन र कानुनी राज्यको उपहास भइरहेको आरोप लगाए ।

अभियानका प्रवक्ता विर्जन विश्वकर्माले गौरीबहादुर कार्की नेतृत्वको छानबिन समितिको प्रतिवेदनअनुसार पीडितलाई न्याय दिन सरकार असफल भएको दाबी गरे । उनले राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरे ।

सचिव प्रकाश बमले प्रधानन्यायाधीश, न्यायाधीश तथा संवैधानिक निकायका पदाधिकारी नियुक्तिमा योग्यता र प्रतिस्पर्धाको आधारलाई बेवास्ता गरिएको आरोप लगाए ।

अभियानका सुनिल विकले भारतले कालापानी र लिपुलेक क्षेत्रबाट सेना नहटाए राष्ट्रिय मुक्तिको आन्दोलन आवश्यक पर्ने धारणा राखे । यस्तै, सुशील बुढाथोकीले वैकल्पिक व्यवस्था नगरी सुकुम्बासी बस्तीमा डोजर चलाउनु अमानवीय र गैरकानुनी भएको बताए । अभियानका जनम सिंहले सरकारको कूटनीतिक अपरिपक्वताका कारण राष्ट्रियता संकटमा परेको आरोप लगाए ।

आजदेखि अधिकमास अर्थात् मलमास सुरु हुँदै

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २ जेठ

प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास आजदेखि सुरु भएको छ ।

आगामी असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ ।

एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको ज्योतिष एवं वास्तुविद् शिवप्रसाद पोखरेलले बताए।

चान्द्र महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ । ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिए ।

जसमा भनिएको छ-

असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद् द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित् ॥

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो । दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो । क्षयमास भने कहिले, कहिलेमात्र हुने गरेको छ । यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री पोखरेलले बताए ।

क्षयमास कार्तिक, मङ्सिर र पुसमा पर्ने गरेको छ । यसमा पनि बढीजसो मङ्सिर र पुसमा क्षयमास पर्छ । कार्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ । माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन । बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ ।

क्षयमास हुने वर्ष दुई अधिकमास नियमित समेत पर्छन् । यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन् । क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ ।

सबै मासको देवता हुन्छन् । मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे । गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिएको पुरुषोत्तममास माहात्म्य नामक धर्मग्रन्थमा उल्लेख गरिएको छ ।

तातापानी गोल्ड कप फुटबल प्रतियोगिता आजबाट हुँदै



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ जेठ

वीरेन्द्रनगर ३ स्थित तातापानी युवा क्लबको आयोजनामा आगामी २०८२ जेठ ३ गतेदेखि सञ्चालन हुन लागेको "प्रथम तातापानी गोल्ड कप फुटबल प्रतियोगिता" को उद्घाटन खेल आइतबार दिउँसो ३ बजे हुने भएको छ। प्रतियोगिताको उद्घाटन कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले गर्ने कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ।

स्थानीय युवाहरूलाई रचनात्मक तथा खेलकुद गतिविधिमा सक्रिय बनाउने उद्देश्यसहित आयोजना गरिएको प्रतियोगितामा हालसम्म १९ वटा टिम दर्ता भएका छन्। प्रतियोगिता नकआउट आधारमा सञ्चालन गरिने क्लबका अध्यक्ष उत्सव शाहीले बताए ।

उनका अनुसार प्रतियोगितामा कालिकोट, दैलेख, सुर्खेत लगायत विभिन्न जिल्लाबाट टिमहरू सहभागी हुन आएका छन्। प्रतियोगिताले स्थानीय खेलाडीहरूको प्रतिभा उजागर गर्नुका साथै खेलकुदप्रति युवाहरूको आकर्षण बढाउने विश्वास लिइएको उनले बताए।

प्रतियोगिताको प्रथम पुरस्कार राशी १ लाख ११ हजार १११ रुपैयाँ रहेको छ। साथै प्रतियोगितामार्फत खेलाडीबीच भाइचारा, अनुशासन र स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

तातापानी युवा क्लबले प्रतियोगितालाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न संघसंस्था, व्यवसायी तथा खेलप्रेमीहरूलाई सहयोगका लागि आग्रह समेत गरेको छ।

नौ महिनामा साढे १३ हजार पर्यटकले गरे राराको अवलोकन

❐ काँक्रेविहार संवाददाता
मुगु, २ जेठ

पर्यटकीय क्षेत्र रारा तालमा पछिल्लो नौ महिनामा साढे १३ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरूले अवलोकन गरेका छन्। रारा घुम्ने सिजन सुरु भएसँगै पहिलो दिनमा आन्तरिक पर्यटकहरूको चाप बढेको हो।



रारा राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसार पछिल्लो नौ महिनामा १३ हजार ५४५ जना आन्तरिक तथा बाह्य पर्यटकले रारा अवलोकन गरेका छन्। यी पर्यटकहरू हवाई र सडक मार्गबाट रारा जाने गर्दै आएका छन्।

समुद्री सतहदेखि दुई हजार नौसय मिटर उचाइमा रहेको रारा तालमा पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेको छ। रारा ताल डुङ्गा व्यवसायी सङ्घका अध्यक्ष विष्णुबहादुर रावलका अनुसार एक दिनमा डेढ सयसम्म आन्तरिक पर्यटकहरू अवलोकनका लागि ताल आउने गरेका छन्। उहाँले बाह्यभन्दा आन्तरिक पर्यटकहरूको बढी रोजाई रारा भएको बताए।

अझ सरकारले दुई दिन सार्वजनिक बिदा दिन थालेपछि झन पर्यटकहरूको चाप बढेको छ। काठमाडौं, पोखरा, चितवन, नेपालगन्ज, सुर्खेतबाट पनि पर्यटकहरू बस रिजर्भ गरेर आउने आउने गरेका छन्। यसले रारा क्षेत्रमा स्थापना गरिएका होटलहरू पनि भरिभराउन हुने गरेको छ। रारा प्रवेश मार्गबाट ८० वटा घोडाको व्यवस्था गरिएको छ। जसले गर्दा सो स्थानबाट रारा तालसम्म पर्यटकहरूलाई पुग्न सहज हुनेगरेको अधयक्ष रावलले बताए।

आत्मनिर्भर अर्थतन्त्रका लागि महालेखापरीक्षक कार्यालयले दियो यस्तो सुझाव

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २ जेठ

महालेखापरीक्षकको कार्यालयले दिगो तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सुझाव दिएको छ। आन्तरिक उत्पादन, रोजगारी सिर्जना र सीपयुक्त जनशक्ति विकासमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्न आवश्यक नीतिगत तथा संरचनात्मक सुधार अवलम्बन गर्नुपर्ने कार्यालयको सुझाव छ।



कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनअनुसार वैश्विक आर्थिक अस्थिरता, प्राकृतिक विपद् तथा बाह्य जोखिमका सम्भावित प्रभावलाई ध्यानमा राखी आर्थिक तथा वित्तीय क्षेत्रमा पर्न सक्ने दबाब न्यूनीकरण गर्न पूर्वतयारी र जोखिम व्यवस्थापन प्रणाली सदृढ गर्नुपर्ने सुझाव छ।

यस्तै, नगदमा आधारित आर्थिक गतिविधिलाई क्रमशः न्यूनीकरण गर्दै 'डिजिटल' भुक्तानी प्रणाली विस्तार गरी औपचारिक अर्थतन्त्रको दायरा फराकिलो बनाउनुपर्ने र त्यसका लागि डिजिटल सार्वजनिक पूर्वाधार निर्माण तथा विकासमा जोड दिँदै सबै प्रकारका कारोबारमा बिलबीजक लिने दिने व्यवस्था लागू गर्नुपर्ने सुझाव दिइएको छ।

यसैगरी पर्यटन क्षेत्रबाट वैदेशिक लगानी र मुद्रा आर्जनमा वृद्धि गर्न पूर्वाधार विकास, सेवाको गुणस्तर सुधार, गन्तव्य पहिचान एवम् विविधकरण र निजी लगानी प्रोत्साहन गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले सुझाव दिएको छ।

जाजरकोट-डोल्पा सडक : चौध नयाँ पुल बन्दै



❐ काँक्रेविहार संवाददाता
जाजरकोट, २ जेठ

भेरी कोरिडोर अन्तर्गत पर्ने जाजरकोट-डोल्पा सडकखण्डमा नयाँ १४ वटा पक्की पुल निर्माणका लागि सरकारले एक अर्ब २७ करोड २० लाख रुपियाँ बराबरको सहमति दिएको छ।

अर्थ मन्त्रालय अन्तर्गतको बजेट तथा कार्यक्रम महाशाखाले उक्त सडक योजना अन्तर्गत बाँकी पुल निर्माण कार्य अघि बढाउन सहमति प्रदान गरेको भेरी कोरिडोर कार्यालयका प्रमुख नरेशप्रसाद केशरीले जानकारी दिनुभयो।

उहाँका अनुसार पासागाढदेखि डोल्पाको दुनैसम्म पर्ने २४ वटा पुलमध्ये १४ वटा पुल निर्माण हुन बाँकी रहेका छन्। हाल निर्माण सुरु भएका १० पुलमध्ये तीन वटा पुल निर्माणको जिम्मा पुल सेक्टर सुर्खेतले लिएको छ भने अन्य सात वटा पुल निर्माणको काम कोरिडोर कार्यालय आफैंले गरिरहेको छ। कोरिडोर कार्यालयका अनुसार निर्माणाधीन पुलमध्ये तिब्ले र ठहरे पुल अन्तिम चरणमा पुगेका छन् भने बाँकी पुलको काम प्रारम्भिक चरणमा रहेको छ।

पुल सेक्टर सुर्खेतले हेरिरहेका पुलमध्ये जाजरकोटको तल्लुबगरस्थित भेरी नदीमा पुल निर्माण भइरहेको छ। तर डोल्पाको त्रिपुराकोटस्थित छलगाड खोलामा दुई वटा पिल्लर निर्माणपछि काम रोकिएको तथा खदाङ क्षेत्रमा निर्माण कार्य अझै सुरु हुन सकेको छैन।

सरकारबाट सहमति प्राप्त भएसँगै अब योजना कार्यान्वयन र खरिद प्रक्रिया अगाडि बढाइने कोरिडोर कार्यालयले जनाएको छ। अर्थ मन्त्रालयले भने सहमति प्राप्त आर्थिक वर्षभित्र खरिद प्रक्रिया अघि नबढाए स्रोत सहमति निष्क्रिय हुने चेतावनी दिएको छ। मन्त्रालयले समयमै प्रक्रिया सुरु गरी निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ। जाजरकोटदेखि डोल्पासम्म जोड्ने भेरी-कोरिडोर सडकलाई कर्णाली प्रदेशकै रणनीतिक महत्वको परियोजनाका रूपमा हेरिएको छ। डोल्पा २०७५ सालमै राष्ट्रिय सडक सञ्जालसँग जोडिए पनि तल्लुबगरदेखि दुनैसम्मका विभिन्न खोल्सामा पुल नहुँदा वर्षायाममा यातायात सञ्चालन प्रभावित हुँदै आएको छ।

यस्तै कोरिडोर अन्तर्गत दुनै-मरिम-तिन्जे-धो सडकखण्डको निर्माण कार्य बर्सौंदेखि सुरु हुन नसक्दा माथिल्लो डोल्पाका स्थानीयवासी थप समस्यामा परेका छन्।

चार...

मात्र आन्तरिक स्रोतबाट जुटाएको महालेखाले जनाएको छ।

कुल खर्चको ५०.१६ प्रतिशत मात्र आन्तरिक स्रोतबाट व्यहोरिएको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा न्यून हो। बागमती प्रदेशले आफ्नो खर्चको ७७.०६ प्रतिशत आन्तरिक स्रोतबाट व्यहोर्दा कर्णाली भने संघीय सरकारकै अनुदानमा बढी निर्भर छ।

कर्णाली प्रदेशको आन्तरिक आम्दानी अन्य प्रदेशको तुलनामा निकै कमजोर छ। तर केन्द्रबाट अनुदानमा आएको बजेटलाई नै सही सदुपयोग गर्न कर्णाली सरकारले सकिरहेको छैन। उक्त वर्ष केन्द्रबाट कर्णालीले २० अर्ब २७ करोड ३८ लाख ४७ हजार वित्त हस्तान्तरण रकम पाएको थियो।

केन्द्रले प्रदेशलाई वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान रकम उपलब्ध गराउँछ भने राजस्व बाँडफाँट पनि गर्छ।

चार वटा अनुदान शीर्षकमा कर्णाली उक्त वर्ष १२ अर्ब ३२ करोड १९ लाख २० हजार रकम पाएको थियो, भने राजस्व बाँडफाँटमा आठ अर्ब ४० करोड १९ लाख २७ हजार पाएको थियो। महालेखापरीक्षकको प्रतिवेदनले कर्णाली प्रदेशलाई आन्तरिक स्रोत परिचालन क्षमतामा अभिवृद्धि गर्न र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पालनामा कडाइ गर्न सुझाव दिएको छ।

महालेखाको सुझावअनुसार कर्णाली प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिले छर्टौं प्रतिवेदनमाथि छलफल गरिसकेको छ भने सर्तौं प्रतिवेदनमाथि छलफल चलाएको समितिका सभापति विन्दमान विष्टले बताए। तर समितिले दिएका निर्देशन सरकारले नटेर्ने भएकाले बेरुजु रकम बढ्दै गइरहेको उनको भनाइ छ। छैटौं प्रतिवेदनमै दुई सय बढी निर्देशन दिए पनि सरकारले कार्यान्वयन नै गरेको छैन।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

हिकभिजनको कर्णालीमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

काँक्रेविहार संवाददाता
सुर्खेत, २ जेठ

कर्णाली प्रदेशमा सुरक्षा तथा निगरानी प्रविधिलाई अझ प्रभावकारी बनाउने उद्देश्यसहित शनिवार Hikvision सम्बन्धी ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। Neoteric Nepal Pvt. Ltd. को कर्णाली प्रदेशका लागि हिकभिजन नेपालको आधिकारिक वितरक क्वीक कम्प्युटर सोलुसनको आयोजनामा सम्पन्न कार्यक्रममा ५० भन्दा बढी पुनर्विक्रेता तथा जडानकर्ताहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा हिकभिजन नेपालका पश्चिम नेपाल बिक्री प्रबन्धक दिवस भट्टराई तथा प्राविधिक सहयोग इन्जिनियर सन्दिपराज लवटले सहजीकरण गरेका थिए। हिकभिजनका नवीनतम निगरानी प्रविधि, सुरक्षा समाधान, उत्पादनको गुणस्तर, बजार रणनीति तथा प्राविधिक सहयोग सम्बन्धी महत्वपूर्ण जानकारी प्रस्तुत गरिएको थियो। कार्यक्रममा सहभागी पुनर्विक्रेता तथा जडानकर्ताहरूले पनि बजारको अवस्था, ग्राहकको आवश्यकता तथा आगामी सम्भावनाबारे आफ्ना अनुभव र सुझाव साझा गरेका थिए।

त्यसैगरी Neoteric Nepal Pvt. Ltd. का आदेशकुमार झा र सुमित मिश्राले नेपालको निगरानी प्रविधि बजारमा हिकभिजन तथा EZVIZ ब्राण्डप्रति बढ्दो विश्वास, बजार विस्तार तथा आगामी योजनाबारे जानकारी दिए। क्वीक कम्प्युटर सोलुसनका सञ्चालक धर्मराज भण्डारीले यस्ता कार्यक्रमहरूले प्रदेशभरका व्यवसायी, पुनर्विक्रेता तथा जडानकर्ताबीच समन्वय, सहकार्य र प्राविधिक ज्ञान आदानप्रदानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा सहभागी अधिकांश व्यवसायीहरूले कर्णाली प्रदेशमा सुरक्षा प्रविधिको माग तीव्र रूपमा बढिरहेको तथा हिकभिजन ब्राण्डप्रति ग्राहकको विश्वास पनि मजबुत बन्दै गएको बताएका थिए। आगामी दिनमा अझ प्रभावकारी सेवा, प्राविधिक सहयोग तथा बजार विस्तारमार्फत हिकभिजन ब्राण्डलाई कर्णाली प्रदेशभर थप विस्तार गर्ने लक्ष्य राखिएको आयोजकले जनाएको छ। कार्यक्रमको अन्त्यमा सहभागी सम्पूर्ण अतिथि, पुनर्विक्रेता, जडानकर्ता तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन गरिएको थियो।

Hikvision विश्वका अग्रणी सुरक्षा तथा निगरानी प्रविधि ब्राण्डहरूमध्ये एक हो। यो ब्राण्ड विशेषगरी CCTV क्यामेरा, भिडियो निगरानी प्रणाली, स्मार्ट सुरक्षा समाधान, बायोमेट्रिक पहुँच नियन्त्रण, तथा AI आधारित सुरक्षा उपकरणका लागि परिचित छ। Hikvision ले आधुनिक सुरक्षा प्रणालीलाई अझ प्रभावकारी बनाउन कृत्रिम बुद्धिमत्ता (AI), क्लाउड कम्प्युटिङ, तथा Internet of Things-IoT जस्ता प्रविधिको प्रयोग गर्दै आएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/०३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री भक्तबहादुर थापा** धनी रहेको, **दर्ता नम्बर** ४१७० बाट **वीरेन्द्रनगर-१२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **लाङगाली नास्ता पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

कर्णाली प्रदेश, सुर्खेत जिल्लाको वीरेन्द्रनगर न.पा.को वडा नं.४, १३ र १४ का ४ वटा सामुदायिक वनहरूमा गरिने खोटो सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३।०२।०३)

कर्णाली प्रदेश, सुर्खेत जिल्लाको वीरेन्द्रनगर न.पा.को वडा नं.४, १३ र १४ का ४ वटा सामुदायिक वनहरूमा भेरी रोजिन एण्ड टरपेनटाईन ईण्डष्ट्रिज प्रा.लि. जानकी गा.पा.-४, गनापुर, बाँकेद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	(क) नामः भेरी रोजिन एण्ड टर्पेनटाइन ई.प्रा.लि. (ख) ठेगानाः जानकी गा.पा.-४ गनापुर, बाँके (ग) इमेलः rajeev@gmail.com (घ) फोन नंः ९८०२५२७००१
प्रस्तावको व्यहोरा	**(क) कार्यान्वयन हुने स्थानः** सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालीकाको वडा नं.४,१३ र १४ मा रहेका साउनेपानी सामुदायिक वन उपभोक्ता समूह, वीरेन्द्रनगर न.पा.-१४ सुर्खेत, श्री पाँचघरे सामुदायिक वन उपभोक्ता समूह वीरेन्द्रनगर न.पा.-१३ सुर्खेत, श्री जनजागरण सामुदायिक वन उपभोक्ता समूह वीरेन्द्रनगर न.पा.-४ सुर्खेत र श्री सृजनसिल सामुदायिक वन उपभोक्ता समूह वीरेन्द्रनगर न.पा.-१४ सुर्खेतको ३९०.८७ हेक्टर सल्लाको बनवाट खोटो सङ्कलन कार्य ।
प्रभाव पर्न सक्ने जिल्ला वा गा.पा. वा न.पा.	सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकाको वडा नं.४, १३ र १४ ।

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणिय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, रसायनिक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू

प्रस्तावकको नाम र ठेगाना	(क) नामः भेरी रोजिन एण्ड टरपेनटाईन ईण्डष्ट्रिज प्रा.लि. (ख) ठेगानाः जानकी गा.पा.-४ गनापुर, बाँके, लुम्बिनी प्रदेश (ग) इमेलः rajeev@gmail.com (घ) फोन नंः ९८०२५२७००१	
परामर्शदाताको नाम र ठेगाना	नामः एकिकृत सिर्जनशील नेपाल, इमेलः iinepal2072@gmail.com	ठेगानाः कागेश्वरी मनोहरा-९ फोन नंः ९८४४०२९०००

खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो। त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं। पानीको श्रोत सधै सफा राखौं। गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं। मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं। पानीको स्रोत संरक्षण गरौं। भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं। पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ। यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ। यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं। नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं। यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं। ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ। साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५९१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)